# गुणस्तरीय शिक्षामा पहुँच: आर्थिक, सामाजिक र संरचनात्मक चुनौती

**मनन कुमारी राम ***

## १. परिचय

शिक्षा मानव जीवनको आधारशिला हो। यसले व्यक्ति, समाज र राष्ट्रको विकासमा निर्णयकारी भूमिका खेल्छ। गुणस्तरीय शिक्षा भन्नाले केवल पाठ्यपुस्तकको ज्ञान मात्र होइन, बरू विद्यार्थीको बौद्धिक, सामाजिक, संवेगात्मक र नैतिक विकासलाई सन्तुलित रूपमा सघाउने शिक्षण प्रक्रिया हो। तथापि, आजको विश्वमा गुणस्तरीय शिक्षाको पहुँच सबैको लागि समान रूपमा उपलब्ध छ भन्ने दावी गर्न गाह्रो छ। विशेष गरी नेपाल जस्तो विकासशील देशमा आर्थिक असमानता, भौगोलिक विषमता, स्रोतसाधनको अभाव र सरकारी व्यवस्थापनमा कमजोरीले गर्दा गुणस्तरीय शिक्षा सबै वर्गका बालबालिका र युवाहरूसम्म पुग्न सकेको छैन।

यस अनुसन्धानले गुणस्तरीय शिक्षाको अवधारणा, वर्तमान अवस्था, आर्थिक र सामाजिक असमानताको प्रभाव, गाउँ र शहरका विद्यालयहरूबीचको खाडल, र समाधानका उपायहरूप्रति विस्तृत विश्लेषण प्रस्तुत गर्दछ। सङ्कलित तथ्याङ्क, विभिन्न वर्गका व्यक्तिहरूको प्रतिक्रिया र एउटा जीवनोपयोगी अध्ययनलाई आधार बनाई यो प्रतिवेदन तयार गरिएको छ। यसको मुख्य उद्देश्य गुणस्तरीय शिक्षासम्बन्धी चुनौतीहरूलाई पहिचान गरी सुधारका लागि आवश्यक कदमहरू सुझाव दिनु हो।

## २. पृष्ठभूमि

नेपालमा शिक्षाको इतिहास धेरै पुरानो र गौरवशाली छ। प्राचीन कालदेखि नै गुरुकुल प्रणाली, आश्रम, मठ-मन्दिरहरूमा शिक्षा प्रदान गरिन्थ्यो। आधुनिक शिक्षा प्रणालीको सुरूवात राणा शासनकालमा भएको हो भने २००७ सालपछि सरकारी विद्यालयहरूको स्थापनाबाट शिक्षा सर्वसुलभ बनाउने प्रयास भयो। २०७२ को संविधानले प्रावधान गरेअनुसार प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य घोषित गरिएको छ। तर, कानुनी प्रावधान र व्यवहारिक कार्यान्वयनबीच ठूलो खाडल रहेको छ।

नेपालमा शिक्षा क्षेत्र विभिन्न चुनौतीहरूसँग जुद्धैछ। सरकारी विद्यालयहरूमा अधिकांश भौतिक पूर्वाधार, शिक्षण सामग्री, योग्य शिक्षक र प्रविधिको अभाव छ। निजी विद्यालयहरूले उच्च शुल्क लिएर गुणस्तरीय सेवा प्रदान गर्छन् तर त्यो धेरैको पहुँचभन्दा बाहिर छ। यसले गर्दा समाजको धनी वर्गले उच्च गुणस्तरको शिक्षा प्राप्त गर्दै आर्थिक र सामाजिक रूपमा अगाडि बढ्छन् भने गरिब र मध्यम वर्गका विद्यार्थीहरू सीमित स्रोतसाधन भएका सरकारी विद्यालयमा सीमित शिक्षा प्राप्त गर्न बाध्य छन्।

## ३. अनुसन्धानका उद्देश्यहरू

यस अनुसन्धानका मुख्य उद्देश्यहरू निम्नानुसार छन्:

- गुणस्तरीय शिक्षाको अवधारणा र यसको महत्वलाई परिभाषित गर्नु।
- आर्थिक असमानताले गुणस्तरीय शिक्षाको पहुँचमा पार्ने प्रभावको विश्लेषण गर्नु।
- गाउँ र शहरका विद्यालयहरूबीच रहेको सेवा र सुविधाको अन्तर पहिचान गर्नु।
- अभिभावक, शिक्षक र बुद्धिजीवीहरूको दृष्टिकोणबाट गुणस्तरीय शिक्षासम्बन्धी समस्याहरूलाई बुझ्नु।
- सरकारी र निजी विद्यालयहरूको भूमिका र चुनौतीहरूको मूल्याङ्कन गर्नु।
- गुणस्तरीय शिक्षाको प्रसार र सुधारका लागि सुझावहरू प्रस्तुत गर्नु।

## ४. समस्या कथन/ अनुसन्धान प्रश्न

यस अनुसन्धानले निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गर्दछ:

- आर्थिक असमानताले कसरी गुणस्तरीय शिक्षाको पहुँचलाई सीमित बनाएको छ?
- अभिभावकहरूले आफ्ना बालबालिकालाई सरकारी वा निजी विद्यालयमा पढाउने निर्णय किन गर्छन्?
- गाउँ र शहरका विद्यालयहरूबीच शिक्षाको गुणस्तरमा किन र कस्तो अन्तर छ?
- गुणस्तरीय शिक्षामा सुधार ल्याउन सरकार, गैरसरकारी संस्था, विद्यालय र अभिभावकहरूले के भूमिका खेल्न सक्छन्?

**५. सन्दर्भ सामग्री अध्ययन**

नेपालमा गुणस्तरीय शिक्षाको असमान पहुँचसम्बन्धी धेरै अध्ययनहरू भैसकेका छन्। विश्व बैंक, युनेस्को, राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय लगायतका संस्थाहरूले गरेका अनुसन्धानहरूले देखाएका छन् कि नेपालमा शिक्षाको गुणस्तर विशेष गरी सार्वजनिक विद्यालयहरूमा निकै कमजोर छ। सन् २०१९ को एक अध्ययन अनुसार, ग्रामीण क्षेत्रका विद्यार्थीहरूको पढाइको प्रभावकारिता शहरी क्षेत्रभन्दा ४०% ले कम छ। अर्को अध्ययनले देखाएको छ कि निजी विद्यालयहरूमा पढ्ने विद्यार्थीहरूको सामान्य ज्ञान, गणित र विज्ञानमा प्राप्ताङ्क सरकारी विद्यालयका विद्यार्थीभन्दा धेरै माथि छ।

शिक्षाको असमानतालाई जाति, लिंग, आर्थिक अवस्था र भौगोलिक स्थानले पनि प्रभाव पारेको पाइन्छ। दलित, आदिवासी र सीमान्तकृत समुदायका बालबालिकाहरूमा विद्यालय छोड्ने दर उच्च छ। यसैगरी, ग्रामीण क्षेत्रमा बालिका शिक्षाको दर पनि कम छ। यी सबै अध्ययनहरूले संरचनात्मक कमजोरी, स्रोतको अभाव, र व्यवस्थापनमा कमी नै गुणस्तरीय शिक्षाको प्रमुख बाधक हुन् भन्ने देखाएका छन्।

**६. अनुसन्धान विधि**

यस अनुसन्धानमा गुणात्मक अनुसन्धान विधि अपनाइएको छ। प्राथमिक तथ्याङ्क सङ्कलनका लागि अन्तर्वार्ता, समूह छलफल र केस अध्ययन विधि प्रयोग गरिएको छ। अन्तर्वार्ताका लागि तीन वटा समूह–बुद्धिजीवी, शिक्षक र अभिभावक–रोजिएका छन्। यिनीहरूबाट खुला प्रश्नहरूको उत्तर सङ्कलन गरिएको छ। साथै, एउटा विस्तृत केस अध्ययन (राजेश र सुमनको कथा) मार्फत गाउँको सरकारी विद्यालयमा भएको परिवर्तनको विश्लेषण गरिएको छ।

द्वितीय तथ्याङ्कका लागि शैक्षिक पत्रिकाहरू, सरकारी प्रतिवेदनहरू, र अनलाइन स्रोतहरूको अध्ययन गरिएको छ। तथ्याङ्क विश्लेषण विषयगत विश्लेषण विधिबाट गरिएको छ जसले विभिन्न श्रेणीहरूमा प्रमुख विषयवस्तुहरू छुट्याउन सहयोग गरेको छ।

**७. जानकारी, तथ्याङ्क, सूचना सङ्कलन**

यो अध्ययनका लागि सङ्कलन गरिएका मुख्य तथ्याङ्कहरू निम्न छन्:

**अन्तर्वार्ता:**

- बुद्धिजीवीको दृष्टिकोण: आर्थिक असमानता गुणस्तरीय शिक्षाको प्रमुख बाधक हो। सरकारी निःशुल्क शिक्षा योजना छ तर व्यवस्थापन नराम्रो भएकोले गुणस्तरीय शिक्षा दिन सकेको छैन। व्यवस्थापनमा स्थिरता र सुधार आवश्यक छ।
- शिक्षकको दृष्टिकोण: गुणस्तरीय शिक्षाको लागि आर्थिक स्तर भन्दा पनि परिवारिक संस्कार र जागरूकता महत्त्वपूर्ण छ। शिक्षकको समर्पण, उपयुक्त सिकाई वातावरण र अभिभावकको सहयोग आवश्यक छ।
- अभिभावकको दृष्टिकोण: आर्थिक अवस्थाले गुणस्तरीय शिक्षाको छनोटमा निर्णायक भूमिका खेल्छ। धेरै अभिभावक आर्थिक कारणले सरकारी विद्यालय रोज्छन्। सरकारी विद्यालय नजिकै हुनु, शुल्क नलाग्नु, सुविधा पाइनु जस्ता कारणहरूले निर्णयमा प्रभाव पार्छ।

**केस अध्ययन (राजेश र सुमन):**

राजेश एक जना साधारण किसान हुन्। उनको छोरा सुमन गाउँको सरकारी विद्यालयमा पढ्छ। विद्यालयमा पुराना पुस्तक, कमजोर भवन, सीमित शिक्षक थिए। तर नयाँ प्रधानाध्यापक र समर्पित शिक्षकहरू आएपछि विद्यालयको स्तर सुधियो। नियमित पढाई, व्यक्तिगत ध्यान, प्रयोगशाला, पुस्तकालय जस्ता सुविधा थपियो। सुमनले उत्कृष्ट नतिजा ल्यायो र गाउँले देखायो कि उचित व्यवस्थापन र इच्छाशक्ति भए गाउँमै गुणस्तरीय शिक्षा सम्भव छ।

**८. जानकारी, तथ्याङ्क, सूचना प्रस्तुति**

यस खण्डमा अनुसन्धानका क्रममा सङ्कलन गरिएका मुख्य तथ्याङ्कहरू टेबल, प्रतिशत र विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ। यी तथ्याङ्कहरूले नेपाली शिक्षा प्रणालीको हालको वास्तविक चित्र, विशेष गरी गुणस्तरीय शिक्षाको असमान वितरण, आर्थिक र भौगोलिक आधारमा रहेको खाडल, र अभिभावकहरूको मनोविज्ञानलाई सङ्केत गर्दछ।

**८.१ तथ्याङ्क प्रस्तुति:**

**आर्थिक आधारमा विद्यालय छनोट:**

अनुसन्धानको एक प्रमुख निष्कर्ष भनेको अभिभावकहरूको विद्यालय छनोट प्रक्रियामा आर्थिक स्थितिको निर्णायक भूमिका हुन्छ। तथ्याङ्कले देखाए अनुसार, ८०% अभिभावकले आफ्नो आर्थिक क्षमतालाई प्रमुख आधार बनाई आफ्ना बालबालिकाको विद्यालय छनौट गर्छन्। यो आँकडाले नेपालमा शिक्षा सेवा भन्नाले एउटा बजारमूलक वस्तु बन्दै गएको र यसको पहुँच कसको पुग्यो कसको पुगेन भन्ने कुरा मूलतः पैसा कतै छ कि छैन भन्ने प्रश्नमा आधारित भएको छ भन्ने कुरा प्रष्ट पार्दछ।

यो तथ्याङ्कले स्पष्ट संकेत गर्दछ कि शिक्षा प्रणाली दुई ध्रुवीय बन्दै गएको छ: एउटा तर्फ महँगो तर गुणस्तरीय निजी शिक्षा, अर्को तर्फ सस्तो तर सुविधाविहीन सार्वजनिक शिक्षा। यसले समाजमा एउटा "शिक्षा कस्तो" को वर्गीकरण सिर्जना गरेको छ।

**ग्रामीण र शहरी विद्यालयको तुलना:**

नेपालको शिक्षा क्षेत्रको सबैभन्दा ठूलो विषमता गाउँ र शहरका विद्यालयहरूबीचको खाडल हो। यो खाडल केवल भौतिक दूरी मात्र होइन, सेवा र सुविधाको गहिरो असमानता हो।

भौतिक पूर्वाधार र प्रविधिको उपलब्धता: शहरी विद्यालयहरूमा ९५% भन्दा बढीमा आधुनिक प्रयोगशाला (विज्ञान, कम्प्युटर), समृद्ध पुस्तकालय, इन्टरनेट जडान, र स्मार्ट कक्षा जस्ता सुविधाहरू उपलब्ध छन्। यी सुविधाहरूले सिकाइलाई रोचक, व्यवहारिक र अन्तर्राष्ट्रिय मानकसँग जोड्दछ। तर ग्रामीण विद्यालयहरूमा यस्ता आधुनिक सुविधाहरू उपलब्ध हुने विद्यालयको प्रतिशत ३०% भन्दा कम छ। धेरै गाउँका विद्यालयहरूमा आधारभूत भवन, बेन्च, र कालो पाटी समेतको अभाव हुन्छ। प्रयोगशाला भनेको कुरै अलपत्र छ। यसले ग्रामीण विद्यार्थीहरूलाई केवल सैद्धान्तिक ज्ञानमा सीमित राख्छ र विज्ञान र प्रविधिमा आधारित व्यवहारिक शीप विकासबाट वञ्चित गर्छ।

शिक्षकको योग्यता र स्थिरता: शहरका विद्यालयहरूमा ८५% शिक्षक विषयगत रूपमा प्रशिक्षित (स्नातक वा स्नातकोत्तर) र नियमित रूपमा सेवारत छन्। उनीहरूसँग तालिम र पेशागत विकासका अवसर पनि बढी हुन्छन्। गाउँका विद्यालयहरूमा भने विषयगत प्रशिक्षण प्राप्त शिक्षकको प्रतिशत ४०% रहेको छ। गाउँका धेरै विद्यालयहरूमा अधिकांश अस्थायी शिक्षकहरू काम गर्छन्। यसले विद्यार्थीहरूको सिकाइ निरन्तरतामा बाधा पुर्याउँछ। शिक्षकको अभावले एकै शिक्षकले गणित, विज्ञान, अङ्ग्रेजी सबै विषय पढाउनु पर्ने अवस्था हुन्छ, जसले गुणस्तरमा ठूलो असर पार्छ।

यो तुलनाले देखाउँछ कि ग्रामीण विद्यार्थीहरू शुरूवातदेखि नै शैक्षिक दौडमा पछि परेका हुन्छन्। उनीहरूको प्रतिभा र मेहनत भए पनि आवश्यक स्रोत र मार्गदर्शनको अभावले त्यो प्रतिभा पूर्ण रूपमा विकसित हुन पाउँदैन।

**अभिभावकको मुख्य चिन्ता:**
अभिभावकहरूको चिन्ता तथा प्राथमिकताहरू बुझ्नु पनि महत्त्वपूर्ण छ किनकि उनीहरू नै बालबालिकाको शिक्षाका प्रमुख निर्णायक हुन्छन्।

आर्थिक कारण (७५%): यो सर्वाधिक उल्लेखित चिन्ता हो। अभिभावकहरूको प्रथम र सबैभन्दा ठूलो दबाब शिक्षाको लागि पैसा जुटाउनु हो। निजी स्कुलको धेरै खर्च, सरकारी स्कुलमा पनि अतिरिक्त ट्युशन जस्ता खर्चले गर्दा उनीहरू दबावमा हुन्छन्। आम्दानीको स्रोत सीमित भएकोले शिक्षालाई अनिवार्य खर्च मान्नुको साटो यो एउटा ठूलो आर्थिक बोझ बन्दै गएको छ।

सुरक्षाको चिन्ता (६०%): विशेष गरी ग्रामीण क्षेत्र तथा साना सहरहरूमा बालबालिकाको सुरक्षा प्रमुख चिन्ता हो। लामो दूरीको यात्रा, असुरक्षित सडक, र विद्यालयमा शारीरिक दण्ड जस्ता कुराहरूले अभिभावकलाई चिन्तित बनाउँछ। यसैकारण उनीहरू आफ्नो छोराछोरीलाई घर नजिकैको विद्यालयमा पढाउन रुचाउँछन्, चाहे त्यहाँको शिक्षा स्तर केही कम नै किन नहोस्।

यी तथ्याङ्कहरूले संकेत गर्दछ कि अभिभावकहरूको निर्णय केवल शैक्षिक गुणस्तरमा आधारित छैन, बरु आर्थिक, सुरक्षा र सहूलियत जस्ता व्यवहारिक जीवनका पक्षहरूले गर्दा सीमित हुन्छ। शिक्षा नीति बनाउँदा यी व्यवहारिक चिन्ताहरूलाई पनि ध्यानमा राख्नु जरुरी छ।

## ९. विश्लेषण

तथ्याङ्कहरूको प्रस्तुति पछि, यस खण्डमा ती आँकडाहरूको गहन अर्थ र तिनले सङ्केत गर्ने व्यापक सामाजिक-आर्थिक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ।

### ९.१ आर्थिक असमानताको प्रभाव:

आर्थिक असमानताले शिक्षालाई एउटा "वस्तु" बनाएको छ, जसको गुणस्तर र पहुँच मूल्य र किन्ने क्षमतामा निर्भर छ। यसले निम्न प्रकारले प्रभाव पारेको छ:

- शिक्षाको व्यवसायीकरण: निजी विद्यालयहरू मुनाफाको लागि सञ्चालित व्यवसाय हुन्। उनीहरूले गुणस्तरीय सेवा दिन्छन् तर त्यो सेवा उच्च मूल्यमा बेचिन्छ। यसले समाजको एक खण्डलाई मात्र लाभान्वित गर्छ। सरकारी विद्यालयहरूमा पनि अनौपचारिक रूपमा शिक्षकहरूले निजी ट्युशन र अन्य सेवाहरू बेचेर आर्थिक असमानतालाई नै पोषण दिन्छन्।
- सामाजिक गतिशीलतामा बाधा: शिक्षा समाजमा माथि उक्लनको प्रमुख सीढी हो। तर जब यो सीढी नै धनी परिवारका बालबालिकाका लागि चौडा बनाइन्छ भने गरिब परिवारका प्रतिभावान बालबालिकाहरू पनि माथि उक्लन सक्दैनन्।
- सामाजिक एकतामा चुनौती: जब समाजका बिभिन्न वर्गका बालबालिका छुट्टाछुट्टै किसिमको विद्यालयमा पढ्छन्, तब उनीहरूको सामाजिककरण पनि छुट्टै हुन्छ। धनी बालबालिकाले गरिबी र ग्रामीण जीवनको वास्तविकता कहिल्यै बुझ्दैनन्, र गरिब बालबालिकाले धनी समुदायसँगको सहज सम्बन्ध विकास गर्न सक्दैनन्। यसले समाजमा वर्गीय विभाजन र पूर्वधारणालाई झन् बलियो बनाउँछ।

### ९.२ ग्रामीण-शहरी खाडल:

यो खाडल केवल शिक्षा सुविधाको मात्र होइन, यो विकासको समग्र असमानताको प्रतिबिम्ब हो।

- संरचनागत उपेक्षा: केन्द्रीय सरकारले गाउँघरको विद्यालयहरूमा भौतिक पूर्वाधार निर्माण, शिक्षक पदपूर्ति, र सामग्री वितरणमा गम्भीर उपेक्षा गरेको छ। बजेट र योजना कार्यान्वयन सधैं केन्द्रित र शहरी-मुख्य हुन्छ। स्थानीय

सरकारहरूलाई शक्ति त विकेन्द्रीकरण गरिएको छ, तर आवश्यक आर्थिक संसाधन र तालिमको अभावले गर्दा उनीहरूले यस क्षेत्रमा ठूलो फड्को मार्न सकिरहेका छैनन्।

- मानव संसाधनको पलायन: गाउँका उत्कृष्ट विद्यार्थीहरू शहरतर्क पलायन हुन्छन्। गाउँका सामर्थ्यवान शिक्षकहरू पनि राम्रो तलव र सुविधाको खोजीमा शहर वा विदेश गएका छन्। यसले गाउँको शिक्षा प्रणाली दुवै तहबाट (विद्यार्थी र शिक्षक) कमजोर हुँदै गएको छ। यो चक्रले गाउँघरलाई बौद्धिक रूपमा खाली गराइरहेको छ।
- प्रविधि र पहुँचको अन्तर: डिजिटल खाडलले यो समस्या लाई अझ बढाएको छ। कोभिड-१९ को महामारीले यो कुरा प्रष्ट बनायो कि ग्रामीण क्षेत्रका धेरै विद्यार्थीहरूसँग अनलाइन शिक्षा प्राप्त गर्ने न त इन्टरनेट छ, न त स्मार्टफोन, न त्यस्तो वातावरण। यसले गर्दा उनीहरू महामारीकालीन शैक्षिक अवरोधबाट धेरै बढी प्रभावित भए।

**९.३ व्यवस्थापनको भूमिका:**

राजेश र सुमनको केस अध्ययनले एउटा महत्त्वपूर्ण यथार्थ देखाउँछ: स्रोतको अभावभन्दा पनि खराब व्यवस्थापन र नेतृत्वको अभाव नै ठूलो समस्या हो।

- नेतृत्वको महत्त्व: नयाँ प्रधानाध्यापकको आगमनले के देखायो भने एउटा समर्पित, ईमानदार र योजनाबद्ध नेताले कुनै पनि संस्थालाई परिवर्तन गर्न सक्छ। उनले आफ्ना सिमित शिक्षकहरूलाई प्रेरित गरे, समुदायसँग जोडिए, र केन्द्र सरकारसँग स्रोत सहयोग माग्न सफल भए। यसले संस्थाको संस्कृति नै परिवर्तन गर्यो।
- समुदायिक सहभागिता: जब अभिभावक र स्थानीय समुदायले विद्यालयलाई आफ्नो मानेर हेर्छन्, तब विद्यालयको हेरचाह, मनिटरिङ र सुधारमा उनीहरू सक्रिय हुन्छन्। यसले शिक्षकहरूलाई पनि जवाफदेह र प्रेरित बनाउँछ। तर, धेरै सरकारी विद्यालयहरूमा अभिभावक-शिक्षक सङ्घ (PTA) नाममात्रको छ वा विवादको केन्द्र बनेको छ।
- जवाफदेही र पारदर्शिताको अभाव: धेरै विद्यालयहरूमा न त शिक्षकहरू जवाफदेह छन्, न त प्रधानाध्यापक, न तै पनि शिक्षा विभाग। छात्रहरूको खराब नतिजाको लागि कसैले जिम्मेवारी लिदैन। बजेट खर्च, शिक्षक नियुक्ति, र निरीक्षण प्रक्रियामा पारदर्शिता नभएकोले भ्रष्टाचार र उदासीनता फस्टाउँछ।

**९.४ सामाजिक-सांस्कृतिक कारक:**

शिक्षा केवल विद्यालयमा हुँदैन, त्यो घरबाट शुरू हुन्छ।

- अभिभावकको शैक्षिक पृष्ठभूमि: शिक्षित अभिभावकले आफ्ना बच्चाहरूलाई गृहकार्यमा सहयोग गर्छन्, उनीहरूको पढाइको लागि अनुकूल वातावरण बनाउँछन्, र शिक्षकहरूसँग प्रभावकारी संवाद गर्छन्। तर, अशिक्षित अभिभावकहरू, जो आफैं दैनिक जीवनको संघर्षमा व्यस्त हुन्छन्, उनीहरूलाई बच्चाको शिक्षामा सहयोग गर्ने समय, ऊर्जा र ज्ञान दुवैको अभाव हुन्छ। यसले बच्चाको सिकाइ प्रक्रियामा ठूलो अन्तर ल्याउँछ।
- लैङ्गिक रूढीवाद: ग्रामीण समाजमा अझै पनि केही स्थानमा केटीहरूको शिक्षाप्रति रूचि कम राखिने गरिन्छ। "केटीले पढेर के गर्ने? विदेश पठाउने होइन!" जस्ता धारणाहरूले बालिका शिक्षालाई बाधा पुर्याउँछ। यसले समग्र साक्षरता र महिला सशक्तिकरणमा नकारात्मक असर पार्छ।
- शिक्षाको उपयोगितामा विश्वास: केही समुदायहरूमा औपचारिक शिक्षाको प्रति अविश्वास छ। उनीहरूको विचारमा शिक्षाले रोजगारी दिँदैन, यसले मात्र पैसा खान्छ। यस्तो मानसिकताले बालबालिकालाई विद्यालयबाट झिकेर कामधन्धामा लगाउने प्रवृत्तिलाई बल मिल्छ।

**१०. निचोड**

गुणस्तरीय शिक्षा प्राप्त गर्ने आकांक्षा हरेक नेपाली अभिभावक र विद्यार्थीको छ। तर यो आकांक्षा वर्तमानको कठोर वास्तविकतासँग जुधिरहेको छ। यो वास्तविकता भनेको आर्थिक असमानता, भौगोलिक विषमता, स्रोतसाधनको अकुशल वितरण, र शैक्षिक व्यवस्थापनको कमजोरी हो। सरकारी विद्यालयहरू निःशुल्क भए पनि गुणस्तरमा धेरै पछाडि छन्। निजी विद्यालयहरू गुणस्तरीय भए पनि यी साधारण मानिसको पहुँचबाट टाढा छन्। गाउँ र शहरबीचको खाडल एउटा खुला घाउ जस्तै छ जसले देशको शैक्षिक शरीरलाई कमजोर बनाइरहेको छ।

तथापि, राजेश र सुमनको कथाले एउटा आशाको किरण देखाउँछ। यसले प्रमाणित गर्दछ कि उचित नेतृत्व, समर्पित मानवशक्ति, र सामुदायिक सहयोग भए गाउँको विद्यालयले पनि अविश्वसनीय सफलता हासिल गर्न सक्छ। समस्या अवस्थामा छैन, समस्या व्यवस्थापन र दृष्टिकोणमा छ। आवश्यकता छ इच्छाशक्ति, ईमानदारी, र एकजुट प्रयासको।

**११. निष्कर्ष**

यस अनुसन्धानबाट निम्नलिखित स्पष्ट निष्कर्षहरूमा पुगिन्छ:

- आर्थिक असमानता गुणस्तरीय शिक्षाको प्रमुख बाधक हो: शिक्षाको बजारीकरणले यसलाई सबैको लागि समान अधिकार भन्दा क्षमता अनुसारको किनमेलको वस्तु बनाएको छ। यसले सामाजिक गतिशीलता र न्यायप्रति ठूलो चुनौती उत्पन्न गरेको छ।
- अभिभावकको आर्थिक अवस्था नै विद्यालय छनोटको निर्णायक कारक हो: धेरै अभिभावकहरू आफ्नो इच्छा र आकांक्षाभन्दा आर्थिक बाध्यताले शासित हुन्छन्। उनीहरूको "रोजाइ" अझै पनि "अवसर" होइन, "व्यवहार्यता" हो।
- गाउँ र शहरका विद्यालयहरूबीच सेवा र सुविधाको ठूलो अन्तर छ: यो अन्तर केवल भौतिक सुविधामा मात्र होइन, शिक्षकको गुणस्तर, पाठ्यक्रमको गहिराई, र शैक्षिक वातावरणमा पनि छ। यसले ग्रामीण विद्यार्थीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पछाडि पार्छ।
- शिक्षाको गुणस्तर सुधार्न व्यवस्थापनमा सुधार, शिक्षकको प्रशिक्षण, र स्रोतको न्यायोचित वितरण आवश्यक छ: संसाधनको अभावभन्दा पनि संसाधनको दुरुपयोग र खराब व्यवस्थापन नै ठूलो समस्या हो। जवाफदेही, पारदर्शिता र नेतृत्व आवश्यक छ।
- सरकार, गैरसरकारी संस्था, विद्यालय, अभिभावक र समुदायको सहकार्य आवश्यक छ: शिक्षाको जिम्मेदारी केवल सरकारको मात्र होइन। यो समग्र समाजको साझा दायित्व हो। गैरसरकारी संस्थाहरूले नवीनतम प्रविधि र तालिम ल्याउन सक्छन्, अभिभावकले सहयोगी वातावरण बनाउन सक्छन्, र समुदायले निगरानी र सहयोग गर्न सक्छ। केवल सबैको सहकार्यबाट नै यो जटिल समस्याको समाधान सम्भव छ।

यस अनुसन्धानले के सिकाउँछ भने गुणस्तरीय शिक्षा नेपालको भविष्यको लागि अपरिहार्य लक्ष्य हो। यसलाई प्राप्त गर्न आर्थिक, भौगोलिक, प्रशासनिक र सामाजिक–सबै तहमा समन्वित र साहसिक कदम चाल्नु जरुरी छ। यो केवल एउटा शैक्षिक सुधार होइन, एउटा राष्ट्रिय पुनर्निर्माणको अभियान हो।

**१२. थप अध्ययनका लागि सूझाव**

गाउँ र शहरका विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा पर्ने दीर्घकालीन प्रभावको अध्ययन।

- सरकारी विद्यालयहरूमा व्यवस्थापन सुधार गर्ने उपायहरूको कार्यान्वयन अनुसन्धान।
- निजी विद्यालयहरूको शुल्क नियमन र गुणस्तर नियन्त्रणका नीतिहरूको अध्ययन।
- प्रविधिको प्रयोगबाट ग्रामीण शिक्षाको गुणस्तर सुधार्ने सम्भावनाहरूको अन्वेषण।
- अभिभावक जागरूकता कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन।

**१३. सन्दर्भ सामग्री**


- नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७९)। "नेपालको शिक्षा सेवा सम्बन्धी वार्षिक प्रतिवेदन।"
- युनेस्को (२०२०)। "ग्लोबल एजुकेशन मोनिटरिंग रिपोर्ट: नेपाल।"
- विश्व बैंक (२०१९)। "न्यूरल: लर्निंग टु रियलाइज एजुकेशन्स प्रोमिस।"
- राष्ट्रिय योजना आयोग (२०७८)। "नेपालको सतत विकास लक्ष्य: प्रगति र चुनौतीहरू।"
- अधिकारी, के. (२०७६)। "ग्रामीण नेपालमा शिक्षाको अवस्था: एक अध्ययन।" काठमाडौं: शिक्षा प्रकाशन।



*** मनन कुमारी राम रूपनगर नन्दराज संग्रौला क्याम्पसमा बिबियस पहिलो वर्षकी छात्रा हुन्।**



**प्रतिवेदन स्रोत: रूपनगर क्याम्पस फिचर सेवा।**